प्रदेश ५ को नीति तथा कार्यक्रम

# कृषि, स्वास्थ्य र रोजगारीलाई प्राथमिकता

**हिमालय टाइम्स**

**बुटवल ।** प्रदेश नम्बर ५ सरकारले आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । प्रदेशसभामा शनिबार प्रदेश प्रमुख धर्मनाथ यादवले नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको हो । उहाँले कोरोना महामारीले निम्त्याएको असरलाई पुनरुत्थान गर्ने गरी प्रदेश सरकारले कृषि, स्वास्थ्य र रोजगारीलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम ल्याएको जानकारी दिनुभयो ।

अत्यावश्यकबाहेक अन्य विकास निर्माणका नयाँ योजना यो वर्ष थपिएको छैन । कोरोना संक्रमणको कहर अनुमान गर्न नसकिने भन्दै सहज स्थिति हुनासाथ प्रदेशको तीव्र आर्थिक विकास गर्नेगरी सरकारले काम अघि बढाउने जनाइएको छ । नियमित आम्दानी हुने र नाफामूलूक क्षेत्रमा लगानी गरिने पनि नीति तथा कार्यक्रममा उल्लेख छ । 'स्वदेशी श्रम स्वदेशमै पसिना' तथा कृषिको उत्पादन वृद्धिको लक्ष्य नीति तथा कार्यक्रमले लिएको छ । कृषि उत्पादकत्व र किसानको आयमा वृद्धि गर्ने गरी स्मार्ट कृषि गाउँ कार्यक्रमलाई सबै स्थानीय तहमा विस्तार गरिने उल्लेख छ ।

'गरौ व्यवसायिक कृषि, यसबाट शुरु हुन्छ प्रदेशको समृद्धि' भन्ने नाराका साथ कृषिमार्फत रोजगारी सिर्जना गर्ने नीति प्रदेश सरकारले लिएको छ । रुकुमलाई अर्गानिक जिल्ला घोषणा गरिने सरकारले योजना लिएको छ । कृषि पेसालाई सम्मानजनक बनाउन किसानलाई पहिचान गरी परिचयपत्र दिएर सहुलियत दिइने पनि प्रदेश प्रमुख यादवले उल्लेख गर्नुभयो ।

प्रदेश सरकारले आन्तरिक स्रोत बढाउने, आर्थिक विकासका लागि लगानी सम्मेलन र कृषिको आधुनिकीकरण तथा यान्त्रीकरणलाई जोड दिने लक्ष्य राखेको छ । कृषिजन्य उद्योग र त्यसमा युवा जनशक्तिलाई प्रोत्साहित गर्दै कृषि उपकरण खरिद गर्न सरल कर्जा र सिञ्चित क्षेत्र विस्तार गर्ने उद्देश्य प्रदेश-५ को रहेको छ । यस्तै, तीन वर्षभित्र सबै जनतालाई आधारभूत खानेपानी र विद्युत् सेवा पुऱ्याउने लक्ष्यसमेत प्रदेश सरकारले राखेको छ । यो अघिल्लो नीति तथा कार्यक्रममा परेको योजना हो । सरकारी, निजी र सहकारीको साझेदारीमा योजनाहरू कार्यान्वयन अघि बढाइने पनि नीति तथा कार्यक्रममा जनाइएको छ ।

नीति तथा कार्यक्रम प्रस्तुत गर्दै प्रदेशप्रमुख यादवले उत्पादन, आपूर्ति र वितरण प्रणालीमा गम्भीर प्रभाव पर्नुका साथै यस प्रदेशको पहिचानका रुपमा रहेको पर्यटन क्षेत्रमा समेत गम्भीर रुपमा धक्का पुगेको भन्दै यसबाट आगामी दिनमा थप चुनौती उत्पन्न हुने र त्यसको सामनाका लागि अहिले देखिनै तयार हुनुपर्ने बताउनुभयो ।

उहाँले हामीले जित्नै पर्ने यो रोग विरुद्धको लडाईमा सबैको थप ऐक्यवद्धता, सहकार्य, धैर्यता र आत्मविश्वास आवश्यक रहेको औंल्याउनुभयो । उहाँले प्रदेशको प्रथम आवधिक योजनाको लक्ष्य बमोजिम प्रदेशको विकास व्यवस्थापनलाई अगाडि बढाउन सरकारका नीति तथा कार्यक्रम आवधिक योजनाको दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य प्राप्तिमा केन्द्रित रहेको जानकारी दिनुभयो ।

उहाँले सरकार संचालनको यस अवधिमा प्रदेश सरकारका महत्वपूर्ण संरचनागत आधारशीला निर्माण भएको भन्दै प्रदेशभित्रका पूर्वाधारसम्बन्धी विशेष, आधुनिक र उच्च प्रतिफलयुक्त आयोजनाहरू छिटो छरितो कार्यान्वयन गरी प्रदेशको समग्र विकासमा उल्लेखनीय योगदान पुऱ्याउन 'प्रदेश पूर्वाधार विकास प्राधिकरण' गठन गरी कार्य भईरहेको जानकारी दिनुभयो । उहाँले प्रदेशमा सूचना प्रविधिको विकास गरी डिजिटल प्रदेशका रुपमा रुपान्तरण गर्न 'सूचना तथा प्रविधि प्रतिष्ठान' गठन गरी काम शुरु गरेकोसमेत बताउनुभयो ।

उहाँले प्रदेशको अधिकारक्षेत्र भित्रका प्रदेशको लागि आवश्यक कानूनहरू शीघ्रताका साथ निर्माण भइरहेको जानकारी दिनुभयो । बृहत्तर पर्यटन प्रवर्द्धन गर्दै लुम्बिनी र यससँग जोडिएका क्षेत्रहरूको विकास गर्ने, निकुञ्ज र वन क्षेत्रमा थुप्रिएको खनिजको प्रयोग गर्ने, स्थानीय तह पहुँच मार्गलाई बहु आयोजनाका रुपमा अगाडि बढाउने लक्ष्य नीति तथा कार्यक्रमले लिएको जानकारी दिनुभयो ।

सिद्धार्थ सडकखण्डको सिद्धबाबाको वैकल्पिक सडकका रुपमा हेरिएको चरङ्गे-झुम्सा सडकमा अर्को वर्षसम्म गाडी सञ्चालन गरिने उल्लेख गरिएको छ । सडक पूर्वाधार, मर्मत सम्भार गर्ने, प्रदेशभित्र वैज्ञानिक व्यवस्थापन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । महिला बालबालिका, एकल महिला, जेष्ठ नागरिक, लक्षित कार्यक्रम सञ्चालन गरिने प्रदेश प्रमुख यादवले जानकारी दिनुभयो ।

प्रदेश ५ को अधिवेशन शुक्रबारबाट शुरु भएको थियो । यसअघि जेठ ८ गते बसेको मन्त्रिपरिषद बैठकले शनिबारका लागि नीति तथा कार्यक्रम पेस गर्ने तय गरेको थियो ।

# प्लाष्टिकरहित गाउँपालिका बनाउने अभियान

● **सत्यराज सिंह**

**बझाङ ।** साईपाल हिमालका नामले नामाकरण गरिएको जिल्लाको अति सुन्दर तर विकट साईपाल गाउँपालिकालाई प्लाष्टिकरहित घोषणा गर्न अभियान नै सञ्चालन भएको छ । स्थानीयस्तरमै पाईने डोका-डाला र झोलाको प्रयोग गरि गाउँपालिकालाई स्वच्छ तथा सफा राख्ने उद्देश्यका साथ गाउँपालिका भरि अहिले सरसफाई योजना अघि सारिएको छ ।

गाउँपालिकाको वडा नम्बर एक र दुईबाट अभियान संचालन गरी पाँचवटै वडामा पुग्ने गाउँपालिका अध्यक्ष राजेन्द्रबहादुर धामीले बताउनुभयो । प्रत्येक घर र सार्वजनिक स्थलहरूमा स्थानीयबासीले उत्पादन गरेका डोका खरीद गरी राख्ने काम भइरहेको उहाँले जानकारी दिनुभयो ।

बाटोमा समेत ठाउँ ठाउँमा निगालोले बुनेका डोका झुण्ड्याउने काम गाउँपालिकाले सुरु गरेको छ । बाटोमा हिँड्ने बटुवाहरूले समेत सूर्ती, गुट्खालगायत सूर्तीजन्य पदार्थ तथा मादक पदार्थ सेवनगरि जथाभावी रुपमा चुरोट लगायतका ठुटाहरू फाल्ने भएका कारण फोहोर बढेकाले सरसफाई अभियान अघि सारेर प्लाष्टिकमुक्त गाउँपालिका बनाउनेगरि काम थालिएको अध्यक्ष धामीको भनाइ छ । कोरोनाका बारेमा सचेतना जोगाउदै सरसफाई सहित गाउँपालिकाका अध्यक्ष धामीको नेतृत्वमा यहाँका केही जनप्रतिनिधि र स्वास्थ्यकर्मीहरू नागरिकको घरदैलोमै पुगेर फोहोर उठाउन थालेका छन् । यस क्रममा सर्वसाधारणलाई कोरोनाबारे सचेत गराउने र प्लाष्टिकजन्य वस्तु उपभोग निरुत्साहित गर्ने काम भइरहेको स्थानीय बासिन्दा मिलन बोहराले बताउनुभयो ।

गाउँपालिकाले जथाभावी फोहोर गर्नेहरूलाई समेत पहिलो चरणमा सम्झाउने र दोहोऱ्याएर गल्ती गरेमा दण्ड तथा जरिवानासमेत गर्न सकिने जनाएको छ । स्थानीयहरूलाई गाउँपालिकाभित्र प्लाष्टिक नल्याउन अनुरोध गर्दै यदि कोहीकसैले गाउँपालिकाभित्र प्लाष्टिक ल्याएको खण्डमा त्यसलाई पुनर्प्रयोग गर्न र जथाभावी रुपमा नफाल्न अनुरोध समेत गरेको स्थानीयले बताएका छन् । प्लाष्टिकजन्य बस्तुहरू तथा शिशाका कारण वातावरणमा ठुलो असर पर्ने भन्दै गाउँपालिकाले यसको रोगथाम गर्न अहिलेदेखि नै विभिन्न सचेतनामुलक कार्यक्रमसहित अभियान सञ्चालन गरेको हो ।

## आइसोलेसन...

क्वारेन्टाइनमा संक्रमितसहित ३२ जना छन् ।

तराईका जिल्लामा २ सय पहाडमा ५० बेडको आइसोलेसन बनाउने प्रदेश सरकारले नीतिगत निर्णय गरेको छ । सरकारले नीतिगत निर्णय गरेकाले आफूहरूले आइसोलेसन बनाउन नसकिने रामग्राम नगरपालिकाका प्रमुख नरेन्द्र कुमार गुप्ताले बताउनुभयो । संक्रमितलाई अहिलेसम्म व्यवस्थापन गर्न नसक्नु दुःखद भएको भन्दै संक्रमितको जिम्मा प्रदेश सरकारले लिनुपर्ने नगरप्रमुख गुप्ताको भनाइ छ ।

जिल्लामा संक्रमितको संख्या ५ पुगेको छ । जिल्लामा आइसोलेसन नभएकाले अन्य तीन जनालाई भीम अस्पताल भैरहवामा पठाइएको छ । उनीहरू सबै भारतबाट आएका हुन् । शनिबारसम्म क्वारेन्टाइनमा बस्नेको संख्या झण्डै ९ सय रहेको स्वास्थ्य कार्यालयका प्रमुख गौरव ढकालले जानकारी दिनुभयो ।

पछिल्लो केही दिन यता भारतबाट जिल्ला प्रवेश गर्ने नेपालीहरूको संख्या बढ्दासमेत त्यसको व्यवस्थापन नहुँदा आइसोलेसनको नाममा घरघरमा राख्नुपर्ने बाध्यता बढेको छ । केही दिन अगाडी मात्र यहाँ क्वारेन्टाइनमा रहेका एक संक्रमितले खान र बस्न समस्या भएको भन्दै झ्यालबाट हामफालेर भाग्ने प्रयास गरेका थिए ।

## संविधान...

यसअघि कांग्रेस नेतृत्वको सरकारले नै अघि बढाएको संशोधन प्रस्तावलाई अहिले अघि बढाउने हो भने मधेसका राजनीतिक मुद्दा समाधान हुने विपक्षी नेताहरूको भनाइ छ ।

कांग्रेस सभापति देउवाले पार्टीभित्र छलफल गरेर यसबारे आवश्यक निष्कर्षमा पुग्ने प्रतिबद्धता जनाउनुभएको छलफलमा सहभागी एक नेताले जानकारी दिनुभयो ।


**CHAUTARA SANGCHOKGADHI MUNICIPALITY**
**Office Of The Municipal Executive**
**Chautara, Sindhupalchok**

**INVITATION FOR ELECTRONIC BIDS**

**Invitation for Bids for the procurement of Supply and Delivery of Sanitary Pad**

Contract Identification No: CSGM/NCB/GOODS-43/076-77
**Date of publication: 2077/02/11(24-05-2020)**

1. The ChautaraSangachokgadhi Municipality Office,Chautara, Sindhupalchok invites electronic bids from the Eligible Bidders for the Procurement of the following goods under NCB Procedures.

| Contract Identification No | Description | Estimated Amount (Without VAT) | Bid Security Amount | Price of Bid Document | Bid Submission Last Date, Time | Bid Opening Date, Time |
|---|---|---|---|---|---|---|
| CSGM/NCB/ GOODS-43/076-77 | Procurement of Supply & Delivery of Sanitary Pad | 2,676,000.00 | 75,600.00 | Rs.3,000 | 2077/03/09 (23-06-2020) at 12:00 hrs | 2077/03/09 (23-06-2020) at 13:00 hrs |

2. Interested Eligible Bidders may obtain further information at the office of ChautaraSangachokgadhi Municipality, Office of the Municipal Executive, Chuatara,Sindhupalchok, Contact no 011-620477 or may visit the website **http://www.chautaramun.gov.np** or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np/egp**. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the office account no. as specified below and the scanned copy (.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Nepal Bank Limited, Chautara Branch
   Name of Office: ChautaraSangachokgadhi Municipality
   Account Number(Aantarik Rajashwo Khata for bid document fee): 05703000001001000001
   Dharauti Khata No. 05703000003000000001
   Office Code No: 23-365-14
4. Electronic bids must be submitted through PPMO website **www.bolpatra.gov.np/egp**. on or before as mentioned above.
5. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format amounting to a minimum of NRs. 75,600.00 which shall be valid for 30 days beyond the validity period of the bid .
6. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at above mentioned date and time at the office of ChautaraSangachokgadhi Municipality.
7. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.
9. Any matter not covered by this notice shall be as per other mandatory information as per PPA and PPR. (With all amendment) of GON.
10. If there are any changes or correction in notice or on Bid document, the notice will be published in ChautaraSangachokgadhi Municipality notice board and in bid addendum.

**Chief Administrative Officer**
**Chautara Sangachokgadhi Municipality**



**Sakhuwa Prasauni Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Sakhuwa Prasauni, Parsa**
**Province No. 2, Nepal**

**Invitation for Bid**

**Invitation for Bids for procurement of Fabricated Steel Parts for Double sapn Truss Bridges**
**Contract Identification No: 13/RM/SAKHUWA/PAR/NCB/G/076-77**
**First Date of Publication: 2077/02/11**

1. **The Government of Nepal (GoN)** has allocated TB-SWAp funds to Sakhuwa Prasauni rural municipality for **Truss Bridge Program** and the Rural Municipality intends to apply the funds to cover eligible payments under the Contract for supply of fabricated steel parts for Truss Bridges. Bid is open to all eligible Nepalese Bidders.
2. The Sakhuwa Prasauni rural municipality invites sealed bids from registered fabricators for supply of fabricated steel parts for following Truss Bridges. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
3. The Bidders/Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum oneTruss bridges within last five years. New fabricators may apply in joint venture with an eligible firm having the required experience. Fabricators who are not enlisted by DoLI may also apply. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the requirements.
4. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Sakhuwa Prasauni rural municipality, parsa or www.bolpatra.gov.np.
5. Bidding documents may be purchased from the office of SakhuwaPrasauni rural municipality,or**www.bolpatra.gov.np** by eligible Bidders, on submission of awritten application and upon payment of a non-refundable fee NRs 3000/- for bid until the (last date of purchase of bidding document) 08/03/2077 from the first date of publication of this notice.
   **Information to deposit the cost of bidding document in bank.**
   Name of Bank: - Nepal Bank Limited, Mahuwan Branch
   Name of Office: - Sakhuwa Prasauni Rural Municipality, sakhuwaprasuni, Parsa
   Account name: - Aantrikaay khata
   Account No. 18103000001001000001
6. Bids must be submitted to the office of the Sakhuwa Prasauni rural municipality, or through www.bolpatra.gov.np, on or before **12:00**hours on 09/03/2077. Documents received after this deadline shall not be accepted.
7. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00**hours on 09/03/2077at the office of Sakhuwa Prasauni rural municipality.Bids must be valid for a period of **90 days**after bid opening and must be accompanied by bid security, of NRs. 78,000.00 which shall be valid for 30 days beyond the bid validity period.
8. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Deposit Account No. 18103000003000000001 Nepal bank limited, Mahuwan branch and submit bank deposit voucher along with the bid.
9. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
10. Pre-Bid Meeting shall be held at the office of Sakhuwa Prasauni rural municipality at11:00 hours on 30/02/2077.
11. The name and identification of the contract are as follows:

| S.N | Description of Work (Fabrication Package) | Estimated Amount, NRs (Excluding VAT) | Bid Security Amount (Rs.) | Bid Document Fee (Rs.) |
|---|---|---|---|---|
| 13/RM/Sakhuwa/ PAR/ NCB/G/076-77 | Fabrication of steel parts and transportation up to road heads of Trimuhanghat double span truss bridge. | **2,704,656.71** | **78,000.00** | **3000.00** |

12. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**